# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक ६ गते २०२४ साल

**श्री ५ को सरकार**

कानून तथा न्याय--मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनसहित) को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड १५, मिति २०२२।६।६, अतिरिक्ताङ्क १७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठन भएको जनकपुर विशेष अदालतको सम्बन्धमा निम्नलिखित संशोधन गरेको छः–

१. उक्त विशेष अदालतको सदस्यमा अञ्चल न्यायाधीश श्री वृषबहादुरको सट्टा अञ्चल न्यायाधीश, जनकपुर अञ्चल अदालत रहने गरी तोकिदिएको छ ।

२. उक्त विशेष अदालतको सदर मुकाम जलेश्वरको सट्टा जनकपुर तोकिदिएको छ ।

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको का. मु. सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

800

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।